# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र



| खण्ड १ | अंक: २ | आश्विन, ३० गते २०८१ साल | (संख्या: ०८) |
|---|---|---|---|



### भाग-२

नगर कार्यपालिकाको मिति २०८१/०६/२२ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

### "बर्दघाट नगरपालिकाको नगर प्रमुखका १२ अभियान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"

बर्दघाट नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र निर्णय कार्यान्वयमा अपेक्षित उपलव्धी हासिल गर्नुका साथै नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउदै सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्दै नगर प्रमुखको १२ अभियानमार्फत प्रवाह हुने सेवालाई प्रभाकारी रुपमा सञ्चालन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगर कार्यपालिकाबाट देहायको कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद—१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः "बर्दघाट नगरपालिकाको नगर प्रमुखका १२ अभियान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,

क) "कार्यविधि" भन्नाले "बर्दघाट नगरपालिकाको नगर प्रमुखका १२ अभियान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" लाई जनाउनेछ ।

ख) "नगर प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई जनाउने छ ।

ग) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

घ) "नगर सभा" भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

ङ) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

छ) "कर्मचारी" भन्नाले बर्दघाट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी जनाउने छ ।

ज) "अभियान" भन्नाले नगरपालिकाको नीति तथा कार्यक्रमको सि. नं. १४ मा उल्लेख भएको कार्यक्रमलाई जनाउनेछ र अभियान परिमार्जन, संशोधन वा थपघट हुन सक्नेछ ।

झ) "अभियान कार्य" भन्नाले शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, खेलकुद, खानेपानी, वातावरणमैत्री कार्यक्रम लगायत मानवीय जीवनमा प्रभाव पार्ने तथा अति विपन्न/ विपन्न व्यक्तिहरुको लागि तत्काल गरीने सुधारात्मक कार्यलाई जनाउनेछ ।

## परिच्छेद—२

## अभियानको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**३. अवधारणाः**

स्थानीय सरकार गठन भएपश्चात निर्वाचित जनप्रतिनिधीहरुको अगुवाईमा सुरु भएका **"नगर प्रमुखका १२ अभियान"** लाई स्रोतगत सुनिश्चितता सहित कडाईका साथ सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य हुनेछ ।

बर्दघाट नगरपालिका

**४. लक्ष्यः**

बर्दघाट नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको अगुवाईमा सुरु भएका **"नगर प्रमुखका बाह्र अभियान"** लाई स्रोतगत सुनिश्चितता सहित शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, खेलकुद, खानेपानी, वातावरणमैत्री कार्यक्रम लगायत मानवीय जीवनमा प्रभाव पार्ने तथा अति विपन्न/ विपन्न व्यक्तिहरुको लागि तत्काल गरीने सुधारका कार्यहरु यसको लक्ष्य रहेको छ ।

**५. उद्देश्यः** (१) नगर प्रमुखका १२ अभियानमा उल्लेख भएका निम्नानुसारका कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरी सेवा प्रवाहलाई निरन्तरता दिने र स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने यस अभियानको उद्धेश्य रहेको छ ।

१. **"एक घर एक करेसावारी सञ्चालन"** गरी अतिविपन्न परिवारलाई लक्षित गर्दै आवश्यक तालिम, बिउ बिजन तथा प्रबिधि हस्तातरण गर्ने।

२. विद्यालयको स्वच्छ र सफा वातावरण सृजना गर्न एकीकृत रूपले पाठ्यक्रमका अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नका लागि सामुदायिक विद्यालयहरुमा संचालित **"हाम्रो विद्यालयको सरसफाइ र सुन्दरताका लागि हरेक दिन मेरो दुई मिनेट"** अभियानलाई निरन्तरता दिने।

३. जेहेन्दार, अल्पसंख्यक, सीमान्तकृत, अनाथ, असहाय, टुहुरा, अपाङ्गता, दलित, विपन्न समूह र न्यून आय भएका समुदायका बालबालिकालाई आधारभूत तहको शिक्षाका लागि र सामुदायिक विद्यालयबाट एसईई उत्तीर्ण गरी एमबीबीएस, सूचना प्रविधि र कृषि विषयमा अध्ययन गर्ने सर्वोत्कृष्ट अङ्क प्राप्त गरेका एक एक/जना छात्र र छात्रालाई छात्रवृत्ति कार्यक्रमलाई **नगर प्रमुख" छात्रवृत्ति कोष** "बाट निरन्तरता दिने ।

४. आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न पहाडी **क्षेत्रलाई हिलटुरिजम र तराई क्षेत्रलाई वोडर टुरिजमको** रुपमा बुद्वसर्किटसँग जोडन **बुद्वमंगल ताल**, कञ्चगढी चमेरे गुफा, **बाउन्न घोला सिमसार, शहिद पार्क, बनदेवी र सितापोखरी सिमसार** जस्ता क्षेत्रको विकास प्रचार प्रसार तथा अन्य प्रवर्धनात्क कार्यलाई अगाडि बढाउने ।

५. उज्यालो नगर कार्यक्रम अन्तर्गत जडान भएका सडक बत्तिहरु स्थानीय बासिन्दा र टोल विकास संस्थाहरुसँगको सहकार्यमा नियमित मर्मत सम्भार गरी प्रभावकारी व्यवस्थापन गर्ने ।

६. नगरभित्रका सार्वजनिक जग्गा तथा पोखरीहरु संरक्षण गर्ने ।

७. हरेक वडामा खाली रहेका सार्वजनिक जग्गाहरुमा फलफूलका बिरुवा वृक्षारोपण गर्दै **इको पार्कको अवाधारणा** अवलम्बन गरी **बागवनी तथा हरियाली प्रवर्धन** गर्ने ।

८. लैंगिक हिंसा निवारण र महिला शशक्तिकरण संग प्रत्यक्ष जोडिएको महिलाको अधिकार को प्रयोगलाई अनिबार्य र व्यापक गर्नको लागि जानकारीमुलक क्रियाकलाप संचलन गरीनेछ। सन्तानको रुपमा छोरीमात्र भइ **अंश र बंश** को रुपमा स्वीकार गरेका **दम्पतिलाई सम्मान** गर्ने नीति गर्ने ।

९. नगर सरसफाई र हरियाली प्रवर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नगरका विभिन्न स्थानहरुमा स्थानीय संघ संस्थाहरुको समन्वयमा **"वायो शौचालय"** निर्माणलाई निरन्तरता दिइनेछ। पानी, विजुली, पंखा सहितका यी शौचालयहरु निशुल्क प्रयोग गर्न मिल्ने प्रवन्ध मिलाउने ।

१०. हरेक वार्डका रहेका सार्वजनिक भवनहरुमा जेष्ठ नागरीकहरुकालागि **"नगर प्रमुख विश्राम घर"** को रुपमा बिकास गर्दै लगिने छ र आवश्यक सहयोग र समन्वय गर्ने ।

११. बर्दघाट नगर खेलकुद क्षेत्रमा विश्वमा नै ख्याती कमाउने खेलाडीहरुको उद्गम पनि हो । तसर्थ आगामी आर्थिक बर्षमा बर्दघाट नगरपालिका भित्रका खेलाडीहरुको पहिचान गरी **नगरस्तरीय खेलकुद टिम** निर्माण गर्ने ।

१२.**"एक घर एक :धारा** "अभियान अन्तर्गत अति विपन्न र सीमान्तकृत समुदायलाई निशुल्क धारा जडान कार्यक्रमलाई निरन्तरता दिने ।

**६. नीतिः**

(१) बर्दघाट नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको कार्यक्रम कार्यान्वयन गर्ने,

(२) नगरपालिकाको कार्यक्षेत्रभित्र परेका नगरी नहुने वा विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गर्ने,

(३) अभियानमा उल्लेख भएको १२ अभियानलाई नीति, विधि र प्रविधिको माध्यमबाट कार्यान्वयन गर्दै लैजाने,

(४) नगर प्रमुखको १२ अभियानको नेतृत्व नगर प्रमुखबाट हुनेछ,

## परिच्छेद—३

## अभियानको व्यवस्थापन तथा सञ्चालन

**७. अभियानको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) अभियानको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको लागि नगरपालिका स्वयंमले व्यवस्थापन गर्नेछ ।

(२) अभियान सञ्चालनका क्रममा कुनै समस्या सिर्जना लगायत विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार अभियानबाट रकम खर्च गरीनेछ ।

(३) बुँदा नं २ (झ) मा परिभाषित र नगर प्रमुखका १२ अभियानका आकस्मिक कार्य वाहेक अन्य प्रयोजनका लागि वा एकै प्रकृतिको दोहोरो सुविधा पाउने वा खर्च गर्ने गरी यस अभियानबाट रकम खर्च गर्न सकिने छैन ।

**८. अभियानको वित्तीय व्यवस्थापनः**

(१) नगरसभाबाट अभियानका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(२) अभियान सञ्चालन गर्न भनि जुनसुकै निकायबाट प्राप्त भएको रकम,

## परिच्छेद—४
## अभियानको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. अभियानको आर्थिक अवस्थाः** अभियानको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन वमोजिम हुनेछ ।

**१०. अभियानबाट हुने खर्चः** १२ अभियान शीर्षकमा विनियोजन भएको रकम निम्नानुसार क्षेत्रमा खर्च गरीनेछ ।

क) दफा (५) मा उल्लेख भएको उद्धेश्य पुरा गर्न ।

ख) दफा (५) मा उल्लेख भएका १२ अभियानलाई समानुपातिक हिसाबबाट प्रत्येक शीर्षकमा विनियोजन गरीनेछ र समानुपातिक हिसाबले खर्च नहुने वा बढि हुने अवस्था आवश्यकता अनुसार हुनसक्नेछ ।

ग) अभियानको कुनै शीर्षकमा विनियोजित रकम पूर्ण रुपमा खर्च हुन नसकि बाँकी हुन गएमा वा थप/घट गरी अन्य शीर्षकमा खर्च गर्नु पर्ने भएमा नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार रकम थप/घट गरीनेछ ।

घ) शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, खेलकुद, खानेपानी, वातावरणमैत्री लगायतका कार्यक्रममा आवश्यक्ता र औचित्यताका आधारमा नगर प्रमुखबाट तोकिएको अभियान सञ्चालन गरीनेछ।

ङ) अभियानबाट पूर्वाधार क्षेत्रमा कार्य गर्न पर्ने भएमा प्राविधिक लागत अनुमानका आधारमा खर्च गरीनेछ।

च) अभियान सञ्चालनका क्रममा तत्काल नगरी नहुने अत्यावश्यक देखिएका कार्यहरुमा बजेट खर्चको सीमाभित्र रही रु २० हजारसम्म नगर प्रमुखको तोकादेशमा प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछन् ।

## परिच्छेद—५
## अभियानको आर्थिक तथा प्रशासनिक व्यवस्था

**११. अभियानको आर्थिक तथा प्रशासनिक व्यवस्थाः** आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

**१२. अभियानको सञ्चालन : (१)** अभियानको रकम खर्च नगरपालिकाको बजेट खर्च सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

**१३. अनुगमन तथा सुपरिवेक्षणः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ उपदफा (४) को "ख" (५) वमोजिम अभियानमा सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ । समितिले योजना अनुगमन तथा जाँचपास समितिको काम समेत गर्नेछ ।

## परिच्छेद—६
## विविध

**१४. अभियानको रकममा बृद्धि गर्न सक्नेः**

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई अभियानमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गर्न सक्नेछ ।

(२) अभियानबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून वमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधनः**

(१) यस कार्यविधिलाई नगरपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाऊ र खारेजीः**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि वमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट अभियान सञ्चालन हुन नसकेमा वा अभियानको औचित्य नदेखेमा नगर कार्यपालिकाले अभियानलाई खारेज गर्न सक्नेछ ।

आज्ञाले

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत